**माडी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
घर्तीगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड :७ संख्याः २ मितिः २०८०/१०/०२

भाग-२

**कार्यपालिकाबाट स्वीकृत मितिः२०८०/९/२५**

## खेलकुद विकास समिति(गठन तथा सञ्चालन) कार्यविधि, २०८०

**प्रस्तावनाः-**

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखी युवाहरुलाई धुम्रपान, मध्यपान, लागु पदार्थ दुर्व्यसनको कुलतबाट जोगाई शारीरिक तथा मानसिक विकास गरी सक्षम, अनुशासित र सुसंस्कृत समाज निर्माणको निमित्त खेलकुदमा स्वच्छ प्रतिस्सप्रधाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ नागरिक बनाउनको लागि विभिन्न तालिम तथा खेलकुद सम्बन्धी प्रतियोगिताहरु सञ्चालन गरी सवै किसिमको खेलकुद आयोजना गर्न तथा स्थानीय, प्रदेश,राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा माडी गाउँपालिका क्षेत्र भित्रका खेलाडीहरुलाई सहभागी बनाउन एवं गाउँपालिका भित्र रहेका खेलकुदसंग सम्बन्धित संघ संस्थाहरुलाई प्रोत्साहन एवं नियमनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको

अनुसूची ९ को २ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को (क) र ऐ.ऐ. को परिच्छेद १५ को दफा १०२ बकोजिम हुन वाञ्छनिय भएकोले माडी गाउँपालिकाको खेलकुद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि,२०80 बनाई जारी गरिएको छ ।

## अनुच्छेद-१

## प्रारम्भिकः

१.**संक्षिप्त नाम र प्रारम्भः** (१)यो कार्यविधिको नाम " माडी गाउँपालिकाको खेदकुद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि,२०८०" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

(३) यो कार्यविधि माडी गाउँपालिकाको शैक्षिक संस्थाहरु, क्लवहरु खेलकुदको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरु र प्रशिक्षण क्षेत्रहरुमा समेत लागु हुनेछ ।

२.**परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "**खेलकुद विकास समिति** " भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठन भएको खेलकुद विकास समितिलाई सम्झनु पर्छ ।

ख. "**संयोजक**" भन्नाले खेलकुद विकास समितिको संयोजकलाई सम्झनु पर्छ ।

ग. "**सदस्य**" भन्नाले खेलकुद विकास समितिका सदस्यलाई सम्झनु पर्छ ।

घ. "**सदस्य-सचिव**" भन्नाले खेलकुल विकास समितिको सदस्य-सचिवलाई सम्झनु पर्छ ।

ङ. "**तोकिएको वा तोकिए बमोजिम**" भन्नाले यस कार्यविधिमा तोकिए वा तोकिए बमोजिमलाई सम्झनु पर्छ ।

च. "**खेलकुद**" भन्नाले माडी गाउँपालिकाको आयोजना वा स्वीकृति वा सहमत लिई खेलाईने खेदकुद समेतलाई सम्झनु पर्छ ।

छ. "**प्रशिक्षक**" भन्नाले माडी गाउँपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षकलाई सम्झनु पर्छ ।

ज. "**प्रशिक्षार्थी**" भन्नाले गाउँपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागि खेलाडी खेलाडी टिम क्लव संघ संस्थामा सम्बद्ध सिकारु खेलाडीलाई सम्झनु पर्छ ।

झ. "**प्रोत्साहन**" भन्नाले खेलाडीलाई दिईने उपाहर सम्मान पुरस्कारलाई सम्झनु पर्छ ।

ञ. "**गाउँपालिका**" भन्नाले माडी गाउँपालिकालाई सम्झनु पर्छ ।

ट. "**कार्यपालिका**" भन्नाले माडी गाउँ-कार्यपालिकालाई सम्झनु पर्छ ।

ठ. "**कार्यविधि**" भन्नाले माडी गाउँपालिकाको खेलकुद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८० लाई सम्झनु पर्छ ।

ड. "**अध्यक्ष**" भन्नाले माडी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

ढ. "**उपाध्यक्ष**" भन्नाले माडी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

ण. "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले माडी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

त. "**शाखा प्रमुख**" भन्नाले माडी गाउँपालिकाको युवा शिक्षा तथा खेलकुद शाखाको प्रमुख लाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## उद्देश्य

**३.खेलकुद विकास समितिका उद्देश्यहरुः**

(क) गाउँको खेलकुदलाई व्यवसायिक रुपमा विकास गर्नको लागि नियमित खेलकुद प्रशिक्षण संचालन गर्ने ।

(ख) कला संस्कृति र खेलकुद विकास प्रतिष्ठा बृद्धिमा खेलकुदको माध्यमले सहयोग पुर्याउने

(ग) पालिका क्षेत्र भित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायका वीचमा समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने ।

(घ) स्वस्थ प्रतिस्प्रधाको भावना जागृत गराई देशभक्त स्वाभिमानी समाजप्रति उत्तरदायी अनुशासित परिश्रमि नैतिकवान जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने ।

(ङ) टोल गल्ली चोक र सडक आदीलाई स्वच्छ र सफा राख्न खेलकुद संघ संस्थालाई परिचालन गर्ने ।

(च) खेलकुदको माध्यमबाट पालिकाबासीहरुलाई नागरिक भावना प्रति सचेत गराउने ।

(छ) खेलकुदमा महिला सहभागिता अभिबृद्धि गर्न प्रोत्साहन गर्ने ।

(ज) खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक बनाउने ।

(झ) खेलकुद गतिविधिहरुलाई संस्थागतरुपमा विकास गर्दै लैजाने ।

(ञ) बौद्धिक श्रम गर्ने विद्यार्थी शिक्षक र बुद्धिजिवीहरुलाई समेत शारीरिक व्यामको माध्यमबाट स्वस्थ रहनमा सरिक बनाउने ।

(ट) माडी गाउँपालिका भित्रबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्प्रधा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्ने ।

(ठ) टिम क्लव संघ संस्था र सरोकारवालाहरुबाट खेल विकासको लागि सहयोग जुटाउन एक खेलकुद विकास कोष खडा गर्ने ।

(ण) खेलकुद विकास समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।

## परिच्छेद-३

## खेलकुद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

४. **खेलकुद विकास समितिको गठनः**(१) खेलकुदको विकास गर्नको लागि माडी गाउँपालिकामा देहाय बमोजिमको १५ सदस्यीय खेलकुद विकास समितिको गठन हुनेछः

(क) गाउँपालिकाको अध्यक्षले तोकेको व्यक्ति – संयोजक

(ख) विभिन्न विधाका खेलकुदका विज्ञहरु मध्येबाट कार्यपालिकाबाट मनोनित ३ जना – सदस्य

(ग) पालिका जिल्ला प्रदेश तथा राष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीहरु मध्येबाट कार्यपालिकाबाट मनोनित कम्तिमा १ जना महिला सहित २ जना – सदस्य

(घ) वडा खेलकुद विकास समितिका संयोजकहरु ६ जना – सदस्य

(ङ) पालिका स्तरका खेलकुद सम्बन्धी संस्था तथा क्लवहरु मध्येबाट संयोजकले मनोनित गरेका कम्तिमा एक जना महिला सहित २ जना – सदस्य

(च) सामुदायिक विद्यालयहरुका प्रध्यापकहरु मध्येबाट कार्यपालिकाद्वारा मनोनित १ जना -सदस्य

(२) समितिले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकुद क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) खेलकुद समिति अन्तर्गत प्रत्येक वडामा खेलकुद विकास समिति गठन गर्नु पर्नेछ ।

(४) आवश्यकतानुसार विषयगत खेलकुद विकास समितिहरु गठन गर्न सकिनेछ ।

(५) गाउँपालिका स्तरीय खेलकुद विकास समितिको चिन्ह र छाप अनुसूची १ र वडा स्तरीय खेलकुद विकास समितिको चिन्ह र छाप अनुसूची २ बमोजिम हुनेछ ।

**५.खेलकुद विकास समितिको काम कर्तव्य र अधिकारः**

खेलकुद विकास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका स्तरीय वार्षिक खेलकुद क्यालेन्डर र वजेट स्वीकृत गर्ने ।

(ख) स्थानीय स्तरका खेलकुदका लागि भौतिक संरचनाको पूर्वाधार निर्माण संचालन तथा विकास गर्ने ।

(ग) खेलकुदको स्तर बृद्धि गर्नका लागि पालिका स्तरका विभिन्न विधाका खेलकुद प्रतियोगिताहरुको आयोजना संचालन गर्ने गराउने ।

(घ) शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी आवश्यकतानुसार पाठ्यत्क्रम बनाउने

(ङ) प्रशिक्षण प्रतियोगिता संचालन गर्ने गराउने

(च) खेलकुदको उपयोगिता सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने ।

(छ) खेलकुद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी समितिका सदस्य तथा कर्मचारीलाई अन्य पालिका जिल्ला प्रदेश र संघमा पठाउने ।

(ज) स्थानीय स्तरका खेलकुद प्रशासन शैक्षिक संस्था क्लव संघ संस्था प्रशिक्षण संस्थाको नियमन र समन्वय गर्ने साथै आवश्यक निर्देशन दिने ।

(झ) स्थानीय सरकारलाई खेलकुद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने ।

(ञ) खेलकुद सम्बन्धी क्लव संस्थालाई आर्थिक सहयोगका लागि स्थानीय सरकार समक्ष सिफारिस गर्न ।

(ट) खेलकुद सम्बन्धी स्तर बढाउन पुस्तक पर्चा डकुमेण्ट्री आदीको श्रष्टा एंव निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहित गर्ने ।

(ठ) खेलकुदको विकासका लागि आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट प्रशिक्षण दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार तालिम हासिल गर्नको लागि पठाउने ।

(ड) पालिका भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृति प्रदान गर्नको लागि स्थानीय
सरकार समक्ष सिफारिस गर्ने ।

(ढ) विभिन्न कारणबाट शारिरीक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका अपाङ्गहरुको खेदकुद विकास गर्न तालिम तथा प्रतियोगिता संचालन गर्न व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकुदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने ।

(ण) विद्यालय स्तरमा खेलकुद गतिविधि संचालन गर्ने गराउने ।

(त) खेलाडीको स्वास्थ्यको प्रबर्द्धन गर्नका लागि आवश्यक व्यवस्था गर्ने ।

(थ) प्रशिक्षकहरुको व्यवस्था गरी विभिन्न विषयगत खेलकुद प्रशिक्षण तथा शिविरहरु संचालन गर्ने गराउने ।

(द) खेलकुद मार्फत रोजगारीको लागि आवश्यक पहल गर्ने ।

(ध) खेलकुद विकासका लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

(न) कानूनी रुपमा दर्ता भएका खेलकुदसंग सम्बन्धित पालिका भित्रका क्लव संघ संस्थाहरुको अभिलेख राख्ने ।

५. **निर्देशक समितिः**(१) माडी गाउँपालिकाको खेलकुद विकास समितिलाई आवश्यक निर्देशन दिन देहाय बमोजिमको एक निर्दशक समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष - प्रमुख

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) सामाजिक विकास समितको संयोजक – सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) प्रमखद्वारा तोकिएको व्यक्ति – सदस्य सचिव

(२) निर्देशक समितिले खेलकुद विकास समिति वा अन्य खेदकुदसंग सम्बन्धित संस्था वा समितिलाई खेलकुद विकासको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालन गर्नु समितिको/ संस्थाको कर्तव्य हुनेछ ।

७. **वडा स्तरीय खेदकुद विकास समितिः** (१) वडा स्तरमा खेलकुदको विकास गर्नका लागि प्रत्येक वडामा देहाय बमोजिमको ७ सदस्यीय खेलकुद विकास समितिको गठन हुनेछः

(क) वडा अध्यक्षले तोकेको व्यक्ति – संयोजक

(ख) वडा भित्रका विभिन्न विधाका खेलकुदका विज्ञहरु खेलाडी वा पूर्व खेलाडी मध्येबाट वडा समितिबाट मनोनित एक जना महिला सहित २ जना – सदस्य

(ग) वरडा स्तरका खेलकुद सम्बन्धी संस्था वा क्लवहरुबाट सिफारिस भई आएका व्यक्तिहरु मध्येबाट संयोजकले मनोनित गरेका कम्तिमा एक जना महिला सहित २ जना – सदस्य

(घ) सामुदायिक वा संस्थागत विद्यालयहरुका खेलकुद शिक्षक मध्ये संयोजकले मनोनित गरेको १ जना शिक्षक- सदस्य

(ङ) वडा सचिव- सदस्य सचिव

**७. वडा स्तरीय खेदकुद विकास समितिको काम कर्तव्य र अधिकारः** वडा स्तरीय खेलकुद विकास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडा स्तरीय खेलकुद कार्यक्रम संचालन गर्ने गराउने ।

(ख) वडा स्तरका खेलकुदका लागि भौतिक संरचनाको पूर्वाधार निर्माण योजना निर्माण संचालन तथा विकासको लागि वडा समितिलाई सल्लाह सुझाव दिने।

(ग) खेलकुदको स्तर बृद्धि गर्न वडा पालिका स्तरका विभिन्न विधाका खेलकुदको प्रतियोगिताहरुमा खेलाडीहरुलाई सहभागि गराउने ।

(घ) वडा स्तरीय खेलकुद विकास समितिलाई खेलकुद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने ।

(ङ) खेलकुद सम्बन्धी क्लव संस्थालाई आर्थिक सहयोगका लागि पालिका स्तरीय खेलकुद विकास समिति समक्ष सिफारिस गर्ने ।

(च) खेलकुद विकासका लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

(न) कानूनी रुपमा दर्ता भएका खेलकुदसंग सम्बन्धित वडा पालिका भित्रका क्लव संघ संस्थाहरुको अभिलेख राख्ने ।

**९.संयोजकको काम कर्तव्य र अधिकारः**

(क) खेलकुद विकास समितिको बैठकको अध्यक्षताको काम गर्ने र निर्णय कार्यान्वयन गर्ने।

(ख खेलकुद प्रतियोगिताको वार्षिक कार्ययोजना तयार गरी आयोजना संचालन तथा व्यवस्थापन गर्ने गराउने ।

(ग) अन्तर स्थानीय तह जिल्ला प्रदेश र राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा पालिकाको प्रतिनिधित्व गर्ने ।

(घ) खेलकुद विकास समितिको वैठक बस्न नसकेको अवस्थामा गाउँ कार्यपालिकामा गर्ने सम्पूर्ण सिफारिसहरु गर्ने ।

(ङ) समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

**१०.सदस्य सचिवको काम कर्तव्य र अधिकारः**

(क) बैठकको पत्राचार गर्ने अभिलेख राख्ने निर्णय कितावको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामग्री जुटाउने ।

(ख) बैठक माईन्युटिङ उठाउने र बैठक संचालन सम्बन्धी आवश्यक काम गर्ने ।

(ग) आर्थिक हिसाव किताव चुष्ट दुरुष्ट राख्ने ।

(घ) लेखा परीक्षण गराउने ।

**११.सदस्यहरुको काम कर्तव्य र अधिकारः**

(क) समितिको बैठकमा उपस्थित हुने

(ख) योजना निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने ।

(ग) समितिको निर्णय कार्यान्वयनमा सहयोग पुर्याउने ।

(घ) विषयगत खेल प्रशिक्षक समिति आयोजित खेल दर्ता टिम क्लव संस्थाले आयोजना गरेको प्रशिक्षण सभा गोष्ठीमा खेलकुद विकास समितिले तोके बमोजिम प्रतिनिधित्व गर्ने र अनुगमन गरी समितिमा सल्लाह दिने ।

(ङ) समितिको निर्णय बमोजिम तोकिएको जिम्मेवारी वहन गर्ने ।

१२. **समितिका सदस्यहरुको पदावधीः** (१) समितिका सदस्यहरुको पदावधी २ वर्षको हुनेछ र पदावधी समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ तर स्थानीय तहको निर्वाचन भएमा निजहरुको पदावधी स्वतः समाप्त हुनेछ । स्थानीय तहको निर्वाचन पश्चात पुनः यही कार्यविधि बमोजिमको समितिहरु गठन हुनेछ ।

(२) पदावधी समाप्त नहुदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाकीँ पदावधीको लागि दफा ४ र ५ को प्रक्रिया बमोजिम पदपूर्ति गरिनेछ ।

(३) सदस्यको राजिनामा स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालना गरेको छैन भन्ने लागेमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै वखत हटाउन सक्नेछ । त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट वञ्चित गरिने छैन ।

**१३.सदस्यहरुको अयोग्यताः** देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा वहाल रहन सक्ने छैनः

(क) माडी गाउँपालिका क्षेत्र वाहिरको नागरिक ।

(ख) समितिमा कार्यरत वैतनिक कर्मचारी ।

(ग) साहुँको ऋण तिर्न नसकी दामासहीमा परेको व्यक्ति ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको ।

(ङ) मगज विग्रेको। ।

(च) १८ वर्ष उमेर पुरा नभएको ।

**१४.सदस्यता समाप्त हुने अवश्थाः** देहायको अवश्थामा सदस्यता समाप्त भएको मानिनेछः

(क) दफा १३ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा ।

(ख) सदस्यले राजिनामा दिएमा ।

(ग) सदस्यको मृत्यु भएमा ।

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार ३ पटक भन्दा वढी बैठकमा अनुपस्थित भएमा ।

**१५.समितिको बैठकः**(१) समितिको संयोजकबाट निर्देशन भए बमोजिम सदस्य सचिवले मिति समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यले आफू मध्येबाट छानेको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक ३/३ महिनामा अनिवार्य बस्नु पर्नेछ तर कुनै आकस्मिक बैठक बस्न परेमा आवश्यकतानुसार बैठक बस्न सक्नेछ ।

(५) जम्मा सदस्य संख्याको १ तिहाई सदस्यहरुले मनासिव माफिकको कारण देखाई बैठक बोलाईयोस् भनि संयोजक समक्ष लिखित अनुरोध गरेमा संयोजकले ७ दिन भित्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय लागू हुनेछ र मत बरावर भएमा अध्यक्षता गर्ने व्यक्तिको मत नै निर्णायक हुनेछ ।

(७) बैठकको निर्णय पुस्तिका सदस्य- सचिवले राख्नेछ ।

(८) बैठक सम्बन्धी अन्य व्यवस्था समितिले आफै तयारी गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४
## खेलकुद विकास कोषको व्यवस्था

**१६. खेलकुद विकास कोषको व्यवस्थाः** (१)खेलकुद सम्बन्धी तालिम प्रशिक्षण प्रतियोगित लगाएतका क्रियाकलापका लागि माडी गाउँपालिकामा खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

(२) कोषको श्रोतहरु देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाले खेलकुद शिर्षकमा विनियोजन गरेको रकम ।

(ख) नेपाल सरकार राष्ट्रिय खेलकुद परिषद् प्रदेश सरकार जिल्ला खेलकुद विकास समिति र अन्तराष्ट्रिय संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने रकम ।

(ग) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएका रकम ।

(घ) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क मासिक प्रशिक्षण शुल्क र भर्ना रकम ।

(३) यस कोषको संचालन खेलकुद विकास समितिको निर्णय बमोजिम हुनेछ ।

(४) पालिका स्तरीय खेलकुद विकास समितिको संयोजकले बढीमा रु १०००० दश हजार सम्म कोषबाट खर्च गर्न सक्नेछ । यसरी गरिएको खर्च समितिको बैठकबाट अनुमोदन गरी नियमानुसार फछ्यौंट गर्नु पर्नेछ ।

(५) वडा स्तरीय खेलकुद कार्यक्रमको लागि विनियोजित रकम वडा स्तरीय खेलकुद समितिको निर्णय र पालिका स्तरीय खेलकुद विकास समितिको सिफारिस बमोजिम वडा स्तरको खेलकुद विकास समितिको बैंक खातामा रकम जम्मा हुनेछ ।

१७. **समितिको खाता संचालनः**(१) पालिका स्तरीय खेलकुद विकास समितिको खाता संयोजक र सदस्य-सचिवको संयुक्त दस्तखतबाट नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट संचालन हुनेछ ।

(२) पालिकाबाट विनियोजित वजेटबाट स्वीकृत वार्षिक कार्यक्रम बमोजिम खेलकुद कार्यक्रम वा अन्य खेलकुदसंग सम्बन्धित खर्चको भुक्तानी पेश्की वा

विलभरपाईको आधारमा खेलकुद विकास समितिको खातामा जम्मा हुनेछ ।

(३) वडा स्तरको प्रस्ताव बमोजिम संचालन भएको खेलकुद कार्यक्रम वा खेलकुदसंग सम्बन्धित खर्चहरु विल भरपाई बमोजिम खेलकुद विकास समितिको खातामा जम्मा हुनेछ । सो रकम खेलकुद विकास समितिले वडा स्तरीय खेलकुद विकास समितिको खातामा सोझै नगद भुक्तानी गर्न सक्नेछ ।

(४) वडा स्तरीय खेलकुद विकास समितिको खाता वडा स्तरीय खेलकुद विकास समितिको संयोजक र सदस्य-सचिवको संयुक्त दस्तखतबाट नेपाल सरकारबाट मान्यता प्राप्त वैंकमा संचालन हुनेछ । पालिका स्तरीय खेलकुद विकास अन्य कार्यालय संघ संस्था वा व्यक्तिहरुबाट वडा खेलकुद विकास समितिलाई प्राप्त सहयोग रकम सो खातामा जम्मा गरी खर्च गर्नु पर्नेछ ।

**१८.खेलकुदसंग सम्बन्धित समितिले हिसाब श्रेष्ता राख्नु पर्नेछः** (१) खेलकुद सम्बन्धी आफ्नो आम्दानी खर्चको हिसाब श्रेष्ता समितिले तोकेको ढाचामा राख्नु पर्नेछ ।

**१९. सदस्यहरुको भत्ताः** (१) सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत कार्यपालिकाद्वारा तोकिए बमोजिम हुनेछ ।

(२) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा तोकिए बमोजिमको भ्रमण तथा दैनिक भ्रमण भत्ता पाउनेछनर ।

२०. **कार्यक्रम तथा बजेटः** खेलकुद विकास प्रवर्द्धनको लागि खेलकुद विकास समितिले वार्षिक कार्यक्रम तय गर्दा ६ बटै वडाहरुको वार्षिक कार्यक्रम तय गरी एकमुष्ठ पालिका स्तरीय वार्षिक वजेट तथा कार्यक्रम तय गर्नु पर्नेछ। खेलकुद समितिको वार्षिक कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गराई सो रकम खर्च गर्नु पर्नेछ ।

## परिच्छेद-५

## खेलकुद कार्यक्रम संचालन तथा व्यवस्थापन

२१. **खेलाडीहरुलाई स्वागत कार्यक्रमः** (१) गाउँपालिकाले खेलकुद विकास समितिको सिफारिसमा राष्ट्रिय अन्तराष्ट्रिय खेलाडी प्रशिक्षक टिमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

(२) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकहरुको सम्मान बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

२२. **सभा सम्मेलन कार्यक्रम संचालनः** (१) खेलकुद विकासको लागि सभा सम्मेलन गोष्ठी गर्ने गराउन सक्नेछ ।

(२) माडी गाउँपालिकाको कला संस्कृति र खेलकुद विकासका लागि आवश्यकता अनुसार टिम क्लव संघ संस्थाका प्रतिनिधिहरुको र्याली वा वैठक बोलाउन सक्नेछ ।

२३. **खेलकुद प्रतियोगितामा संचालन** (१) टोल र बस्तिस्तरको उत्कृष्ट खेलाडीहरु छनौट गरी वडा स्तरको खेलाडीमा छनौट गरिनेछ ।

(२) खेलकुद विकास समितिले स्वयंम वा दर्ता भएका टिम क्लव वा संघ संस्था मार्फत अन्तर पालिका स्तरीय विभिन्न खेलकुद प्रतियोगिता गर्न सक्नेछ ।

(३) वडा स्तरीय खेलकुद विकास समितिले गाउँपालिका भरिको वडाहरुलाई समेटी वडास्तरीय खेलकुद प्रतियोगिता गर्न सक्नेछ ।

(४) नगद पुरस्कार वा अन्य खेल व्यवस्थापन सम्बन्धी खर्चको सीमा कोषको अवश्था अनुसार खेलकुद विकास समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२४. **खेलकुद प्रतियोगितामा सहभागिताः** (१) अन्तर स्थानीय तह जिल्ला प्रदेश वा राष्ट्रिय स्तरका खेलकुदहरुमा पालिका क्षेत्रका उत्कृष्ट खेलाडी वा टिमको छनौट गरी सहभागी गराउन सकिनेछ

(२) सहभागिहरुको खर्चको मापदण्ड खेलकुद विकास समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखएको भएता पनि वडा बाट गाउँपालिका स्तरमा र गाउँपालिकाबाट स्थानीय तह प्रदेश वा राष्ट्रिय स्तरमा सहभागी भई नगद पुरस्कार प्राप्त गरेमा सो पुरस्कारको ५० प्रतिशत रकम खेलकुद विकास कोषमा जम्मा गर्नु पर्नेछ ।

२५. **खेलकुद तालिम तथा प्रशिक्षण संचालनः** (१) खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीको स्तर

बृद्धि गर्नको लागि आवश्यकतानुसार विभिन्न खेलहरुको तालिम तथा प्रशिक्षण दिने ।

(२) खेलकुद विकास समितिको सिफारिस अनुसार प्रशिक्षार्थीहरु पालिका बाहिर प्रशिक्षणमा समाबेश हुन पाउनेछन ।

(३) पालिका क्षेत्रभित्र कुनै खेल प्रशिक्षण गर्न परेमा खेल प्रशिक्षकको लागि सम्झौतानुसार सुविधा पाउने गरी वढीमा एक जना प्रशिक्षक र एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सकिनेछ ।

(४) प्रशिक्षणको लागि प्रशिक्षार्थीहरुको छनौट खेलकुद विकास समितिले छनौट गर्नेछ । प्रशिक्षणको लागि आवश्यक सामग्रीहरु खेलकुद विकास समितिबाट उपलब्ध हुनेछ । प्रशिक्षणको समय अवधी स्थान र प्रशिक्षार्थीहरुको शुल्क वा अन्य आम्दानी र खर्च सम्बन्धीको कार्यविधि खेलकुद विकास समितिले स्वीकृत भए बमोजिम हुनेछ।

२६. **समितिले स्वीकृत लिनु पर्नेः** (१) खेलकुद सम्बन्धी प्रतियोगितामा गाउपालिका भन्दा बाहिर वा राष्ट्रिय वा अन्तराष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा पालिकामा हुने खेलकुद प्रतियोगिता वा खेलकुद विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी वा अधिकारीलाई आमन्त्रण गर्न समितिले गाउँ कार्यपालिकादेखि स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद-६

## कारवाही दण्ड सजाय र पुरस्कार

**२७. कारवाहीः** (१)खेलाडी प्रशिक्षक प्रशिक्षार्थी व्यवस्थापक समेतले विषयगत खेलको आचार संहिता लगाएत खेल अनुशानमा रहनु पर्नेछ । कसैले खेल अनुशासन र आचार संहिताको उल्लङ्घन गरेमा समितिले पहिलो पटक चेतावनी दिन सक्नेछ । तर १ वर्षमा तीन पटक भन्दा वढी चेतावनी पाईसकेका खेलाडी प्रशिक्षक प्रशिक्षार्थी व्यवस्थापकलाई १ वर्षसम्म कुनै पनि खेलकुद प्रतियोगिता प्रशिक्षण व्यवस्थापनमा सहभागी हुन नपाउने गरी खेलकुद विकास समितिले निलम्बन गर्न सक्नेछ ।

**२८. पुरस्कारः** (१) उत्कृष्ट खेलाडी प्रशिक्षक प्रशिक्षार्थी व्यवस्थापकलाई खेलकुद विकास समितिको सिफारिसमा पालिकाबाट नगद पुरस्कार र सम्मान पाउन सक्नेछ ।

## परिच्छेद-७

## आचार संहिता

**२९. आचार संहिताः** (१) खेल सम्बन्धी देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछः

(क) खेलका निर्णायिक खेलाडी दर्शक आयोजक कसैले पनि खेल संचालनको समयमा कुनै पनि प्रतिबन्धित लागु औषध र मादक पदार्थ सेवन गर्न पाईने छैन ।

(ख) प्रतिस्पर्धी टिमले तोकिए भन्दा बाहेक टिम बनाउन पाईने छैन ।

(ग) प्रतिस्प्रधात्मक खेल संचालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिईनेछ ।

(घ) नैतिक पटन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाईनेछ ।

(ङ) खेलको विजय पश्चात पाउने शिल्ड ट्रफी कहि कतै बेच्न धरौती राख्न र उपहार दिन पाईने छैन तर कुनै दर्तावाला क्लव बिघटन हुन गई उक्त क्लवले प्राप्त गरेको शिल्ड ट्रफी पालिकाको स्वीकृतमा अर्को दर्तावाला क्लवलाई उपहार दिन भने बाधा पर्ने छैन ।

(च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाईने छैन तर संरक्षण गर्न बाधा पर्ने छैन ।

(छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारीक व्यक्ति बाहेक अरुलाई राख्न पाईने छैन

(ज) खेलाडीहरुले आपसमा प्रतिस्प्रधा गर्दा आफ्नो टिमको पक्षलाई लिई क्ल्यापिङ हुटिङ अनुहार चित्रकारिता हुटिङ व्यक्तिगत वा संस्थागत नामबाट अस्लिल शब्द र व्यवहारहरु गर्न पाईने छैन

(झ) खेलको विकास गरी प्रचार प्रसार र प्रतिशप्रर्धा विकास गर्न पालिकाको स्वीकृत र ईजाजत विना आफ्नो टिमको नाममा जवरजस्ती चन्दा उठाउन पाईने छैन ।

(ञ) पालिकाको स्वीकृति वा ईजाजत लिई उठाएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित समितिबाट पारित गराएर मात्र खर्च गर्न पाईनेछ ।

(ट) यस अघि नै दर्ता भएका वा पालिकामा सूचिकृत भएका संघ संस्थाहरुले पालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल संचालन गर्न पाउनेछन ।

३०. **सौजन्यः** (१) दर्तावाला संस्थाहरुले अन्य संघ संस्थाहरुको सौजन्यमा कुनै खेल संचालन गर्न पालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ । संस्थाको सौजन्यताबाट प्राप्त नगदी जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल संचालन गर्नुका साथै विवरण दुरुष्त राख्नु पर्नेछ ।

## परिच्छेद-८
## विविध

३१. **खेलकुद विकास समितिको कार्यालय व्यवस्थापनः** पालिका स्तरीय खेलकुद विकास समितिको कार्यालय प्रयोजनको लागि कोठा भाडामा लिन सकिनेछ ।

३२. **कर्मचारी व्यवस्थापनः** पालिका स्तरीय खेलकुद विकास समितिको कामलाई व्यवस्थित बनाउनको लागि सहायक स्तरको १ जना कर्मचारी व्यवस्थापन गर्न सक्नेछ ।

३३. **कार्यविधिको व्याख्याः** यो कार्यविधिको अन्तिम व्याख्या गाउँपालिकाले गर्नेछ ।

३४. **कार्यविधि संशोधनः** यो कार्यविधिको प्रावधानहरुमा कार्यापालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

३५. **बाधा अड्चन फुकाउः** माडी गाउँपालिकाको खेलकुद संचालन तथा खेलकुदसंग सम्बन्धि आवश्यक विषयमा निर्णय गर्न आवश्यक भएमा गाउँकार्यपालिकाले गर्नेछ ।

## अनुसूची-१

## लोको कस्तो बनाउने हो हजुरको डिजाईनमा बनाउला

## अनुसूची-२

(५) प्रतिष्ठानको संचालन कार्यविधि संशोधन गर्न आवश्यक भएमा प्रतिष्ठानले तयार गरी गाउँपालिकाको अध्यउक्ष समक्ष पेश गर्नुपर्नेछ ।

क. दफा १ बमोजिमको प्रस्ताव उपयुक्त लागेमा गाउँपालिका अध्यक्षले कार्यपालिकामा पेश गरी कार्यपालिकाबाट स्वीकृत भएमा मात्र संचालन कार्यविधि संशोधन भई कार्यान्वयन हुनेछ ।

ख. कुनै विषय अस्पष्टता भई विवाद भई निरुपण हुन नसकेको खण्डमा सो विषयमा गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ,

१८.**बचाउ र खारेजी** : माडी गाउँपालिकाको प्रज्ञा प्रतिष्ठान संचालन कार्यविधि नेपालको संविधान तथा प्रचलित कानूनसंग बाँझिएमा बाँझिएको हदसम्म बदरभागी हुनेछ,

१९.**शपथः** प्रतिष्ठानको पदेन बाहेक पदाधिकारी तथा सदस्यहरुले आ– आफ्नो पदभार संहाल्नु अघि अध्यक्षले, गाउँपालिका अध्यक्ष समक्ष र अन्य पदाधिकारी तथा सदस्यहरुले अध्यक्षसमक्ष शपथ लिनुपर्नेछ ।

आज्ञाले

युवराज परियार

प्रमुख प्रशासकीय अधिकृत